कृषि तथा वन विज्ञान विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
चितवन, नेपाल

फोन /फ्याक्स नं. ०५६- ५२२८५०

## विज्ञापन सम्बन्धि सूचना

**विज्ञापन नं. ०१/०७२/०७३ (बढुवा)**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको कार्याकारी परिषद्को मिति २०७२/०३/२५ को वैठकको निर्णयानुसार कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३(२) र कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम १६ (४) वमोजिम समायोजन भई यस विश्वविद्यालयमा आएका कर्मचारीहरुको यस विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायको लागि निम्न लिखित पदहरु वढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगत आवेदित पद भन्दा एक तह मुनिको सम्वन्धित सेवा समुहको पदमा ५ वर्ष स्थायी सेवा अवधि पुरा गरेका (महिला, मधेशी, दलित, आदिवासी, जनजाती, अपाङ्ग एवं पिछडिएका क्षेत्रका) कार्यरत ईच्छुक उम्मेदवारहरुवाट **गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र** कृ.व.वि. सेवा आयोगको कार्यालय, हाकिमचोक, भरतपुर, चितवनमा आई पुग्ने गरी २/२ प्रति दरखास्त आब्हान गरिन्छ । दरखास्त फाराम रु १००।- तिरी कृ.व.वि. सेवा आयोगको कार्यालय, भरतपुर, चितवनवाट प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । आवेदन फाराम साथ **राष्ट्रिय बाणिज्य वैंक, वानेश्वर स्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनको चल्ती हि.नं.१४२०००००१५०६** मा तोकिएको आवेदन दस्तुर जम्मा गरेको सक्कल भौचर र निम्नलिखित कागजातहरुको २/२ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्ने छ ।

१. नेपाली नागरीकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२. प्रवेशिका देखि माथिका सवै शैक्षिक योग्यताको लव्धाङ्क पत्र र प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु ।
३. स्थायी, अस्थायी, करार, मासिक र समायोजन नियूक्तिका प्रमाणित प्रतिलिपिहरु तथा तालिम सम्बन्धि प्रमाणित प्रतिलिपिहरु ।
४. अटुट रुपले कार्य गरेको अनुभव सम्बन्धि पत्र ।
५. कृ.व.वि. वाहिर अन्य संस्थामा वेतलवी काजमा काम गरेको भए वा अध्ययन विदा वा वेतलवी विदा लिएको भए सो को स्पष्ट मिति खुल्ने पत्र ।
६. हालसालै खिचेको पासपोर्ट साइजको फोटो थप १ प्रति ।
७. गोप्य शिलवन्दी कार्यसम्पादन मूल्यांकन फारम १ प्रति
८. ब्यक्तिगत वायोडाटा २ प्रति ।

| क.स | पद | आवश्यक संख्या | आवेदन दस्तुर |
|---|---|---|---|
| ०१ | प्रशासक | १ | २०००।- |
| ०२ | सह प्रशासक | १ | १७५०।- |
| ०३ | सह आर्थिक नियन्त्रक | १ | १७५०।- |
| ०४ | उप प्रशासक | ७ | १५००।- |
| ०५ | लेखा नियन्त्रक | २ | १५००।- |
| ०६ | ईलेक्ट्रीक कन्ट्रोलर | १ | १५००।- |
| ०७ | सहायक प्रशासक | ३ | १०००।- |
| ०८ | टा.क. | २ | १०००।- |
| ०९ | लेखा अधिकृत | २ | १०००।- |
| १० | भण्डार अधिकृत | १ | १०००।- |
| ११ | सहायक वन अधिकृत | १ | १०००।- |
| १२ | हेड ईलेक्ट्रिसियन | १ | ८००।- |
| १३ | हेड प्लम्वर | १ | ८००।- |
| १४ | हेड असिष्टेण्ट | ६ | ८००।- |
| १५ | लेखापाल | १ | ८००।- |
| १६ | मुख्य वुक चेकर | १ | ८००।- |
| १७ | हेड फिल्डम्यान | २ | ८००।- |
| १८ | हेड प्लान्ट कलेक्टर | १ | ८००।- |
| १९ | हेड एनिमल कलेक्टर | १ | ८००।- |
| २० | वरिष्ठ ल्याव ब्वोय | ५ | ८००।- |
| २१ | वरिष्ठ वेल्डर | १ | ८००।- |

## परिशिष्ट-१

**समावेशीतर्फ  पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ।**

**१. आदिवाशी/जनजातिका हकमाः**

आदिवाशी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

**२. मधेशीका हकमाः**

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितका हकमाः**

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नेछ ।

**४. अपाङ्गका हकमाः**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।

मितिः २०७२/०४/१५

अध्यक्ष

**वेभसाइट :** www.afu.edu.np , **सम्पर्क कार्यालय :** पो.ब.नं.१३७१२, एन.के. सिंह मार्ग १०९, नयाँ बानेश्वर काठमाण्डौ
फोन नं. ०१-४४७८६४७ फ्याक्स :०१-४४७८४४८